निर्णय नं. १) नेचासल्यान गाउपालीका कार्यालय तथा अन्तर्गतका शाखाहरुमा कामको चापको आधारमा नियूक्ति गरिएका निम्न सेवा करार सम्झौताहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क) नेचाबेतघारी स्वास्थ्य चौकी/बर्थिङ सेन्टर : कार्यालय सहयोगि (श्रेणि विहिन) श्री पार्वति राई १

ख) बतासे स्वास्थ्य चौकी/बर्थिङ सेन्टर : कार्यालय सहयोगि (श्रेणि विहिन) अम्बिका धमला १

ग) नेचाबतासे स्वास्थ्य चौकी : हेल्थ अशिष्टेण्ट (सहायक पाचौ) : सूजन भट्टराई १ (करार सेवामा नियूक्त हे.अ. शान्ता भटराईले राजीनामा दिई रिक्त रहेको)

घ) भान्से : (श्रेणि विहिन) रमि थापा दमाई १

निर्णय नं. २) नेचासल्यान गाउपालिकाको एघारौ गाउ सभाको निर्णयानुसार चालु आर्थिक बर्ष ०७९/०८० मा बिनियोजीत बजेटबाट निम्न योजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक योजनाको नाम | रकम | नया | बिनियोजित रकम | बाँकी |
|---|---|---|---|---|---|
| १ | ११ औ गाउसभाको निर्णय : शिर्षक :कार्यालय पूजिगत उपशिर्षक :फर्निचर तथा फिक्चर्स | | खानेपानी पाएप खरीद | ४०,०००.० | |
| २ | | | खेलकुद कार्यक्रम सहभागिता, डाइनामिक युथ क्लव नेचासल्यान ३ | ७०,०००.० | |
| ३ | आपतकालीन उद्धार कोष (हेली एम्वुलेन्स कोष) | १०,००,०००.० | न्यायिक समिति मेलमिलाप पनर्ताजगिय तालिम नपुग रकम थप (८ दिने मेलमिलाप, २ दिने मेलमिलाप पुनर्ताजगि, अभिमुखिकरण तालिम) | ४००,०००.० | |
| ४ | ११ औ गाउसभा : गापा योजना :तल्लो पुरानोखानी धाराफार महादेवथान मन्दिर घेराबार | २००,०००.० | तल्लो पुरानोखानी धाराफार महादेवथान मन्दिर Protection वाल निर्माण | २००,०००.० | |
| ५ | आपतकालीन उद्धार कोष (हेली एम्वुलेन्स कोष) | १०,००,०००.० | कृष्ण प्रणामि मन्दिर व्यवस्थापन तथा पूर्वाधार, नेचासल्यान ४ | ३००,०००.० | |
| ६ | ११ औ गाउभा निर्णय : शिर्षक कृषि : उप शिर्षक : आकस्मिक प्रकोप सहयोग कार्यक्रम | २००,०००।० | कृषि औजार खरीद | २००,०००.० | |
| ७ | वडा सलिङ : वडा नं. १ शिर्षक जनजाती वडा निर्णय | ५००,०००.० | ख्याम्पूमगर सेवा समाज गुठि भवन निर्माण क्रमागत | ५००,०००.० | |
| | | | | | |

निर्णय नं. ३) नेचासल्यान गाउपालिकालाई शहरी विकास तथा भवन कार्यालयबाट नेचा बजारको व्यवस्थित शहरीकरण कार्यक्रमका बिनियोजित बजेट रु पाँचलाखबाट नेचा विहिबारे बजारमा खानेपानी पाइपलाईन बिस्तार तथा टंकि निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) नेचासल्यान गाउपालिकाको निर्णयानुसार ग्लोवल सोसाइटि, नेपाल, काठमाण्डौद्वारा तयार गरिएको कृषि तथा पशुपक्षि सम्भाव्यता अध्ययन प्रतिवेदन स्विकृत गरि प्रतिवेदन अनुरुप कार्य संचालन गर्नका निम्ति बिशेष अनुदान व्यवस्थाका लागि राष्ट्रिय योजना आयोगमा अनुदान माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५) नेचासल्यान गाउपालिकाको निर्णयानुसार स्पाइरल ग्रीड सोलुसन प्रा. लि.,द्वारा तयार गरिएको गाउपालिकाको प्रशासकिय भवनको बिस्तृत लागत अध्ययन प्रतिवेदन तथा प्रारम्भिक बातावरणिय प्रतिवेदन स्विकृत गरियो ।

निर्णय नं. ६) गाउपालिकाको प्रशासकिय भवन निर्माण न्यूनतम ३ बर्ष भित्र सम्पन्न गर्नेगरि चालु आर्थिक बर्षबाट नै निर्माण कार्य शुरु गर्ने तथा समपुरक कोष अन्तर्गत अनुदान व्यवस्थाको निम्ति संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

कार्यपालिका बैठक १.१०, ०७९/१०/८०

मिति २०७९/९/२५ गतेको कार्यपालिका बैठक निर्णय

७) सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ मा निर्माण गरिएको साहस उर्जा (८६ मेगावाट) विद्युत संचालनमा आउदा सोलुखोलाको पानी Cannel मा फर्काउनुपर्ने र सो बाट Power House भन्दा तल रहेको त्रिबेणि/तुइन्टार जल विद्युत योजना पूर्ण रुपमा प्रभावित भई बिद्युत उत्पादन नै बन्द हुने अवस्थामा पुगेको हूदा त्रिबेणि लघुजल बिद्युत र तुइन्टार लघु जल बिद्युत आयोजनाका उपभोक्ताहरु (नेचासल्यान गाउपालिका वडा नं. १, २, ३ र ४) करिव २०००। घरधुरीहरुमा केन्द्रिय प्रशारण लाईन जडानका निम्ती साहस उर्जा (८६ मेगावाट) को सामाजिक उत्तरदायित्व अन्तर्गत प्रति घरधुरी रु ५०००। तथा मसान घाटमा शवदाह गृह निर्माणका निम्ति बजेट व्यवस्थाको निम्ति अनुरोध गर्ने निर्णय गरियो ।

८) नेचासल्यान गाउपालिकाको प्रशासकिय भवन नेचासल्यान ३ नेचाविहिबारे बजार क्षेत्रमा निर्माण गरिने भएको हुँदा भवन निर्माण स्थलमा भए/रहेका अस्थायि टहरा/कवलहरु हटाउन ३५ दिने सूचना जारी गर्ने तथा सूचना बमोजिम हटाएका टहरा/कवल व्यवशायिहरुलाई स्थानान्तरण वापत प्रति टहरा अधिकतम रु २०,०००। का दरले ११ औ गाउसभाको निर्णयानुसार गाउ प्रशासनिक भवन निर्माण शिर्षकमा बिनियोजित बजेटबाट खर्चहुने गरि रकम उपलब्ध गराउने निर्णय गरियो ।

९) नेचासल्यान गाउपालिका वडा नं. ४ मा गाउपालिकाद्वारा निर्माणधिन लिफ्टीङ खानेपानि योजना अन्तर्गत Treatment Plant निर्माणका निम्ति आवश्यक भएको तपसिलमा उल्लेखीत जग्गा योजना संचालनका निम्ति उपयूक्त देखीएको हुँदा गाउपालिकाको नाममा रजिष्ट्रशन पास गर्नका निम्ति आवश्यक प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना | कि नं. | कुल क्षेत्रफल | आवश्यक जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री साङ्गे राइको छोरा श्री दधिचन्द्र राई | साविक नेचाबेतघारी गाबिस वडा नं. ६ हाल नेचासल्या ४ | १३४ | ८७१० व.मि | ६ रोपनि/३०५२.४४ ब.मी. | |

१०) नेचासल्यान गाउपालिकाको कार्यालयमा कानूनि परामर्श तथा सल्लाहका निम्ति करार सेवामा कानुनि सल्लाहकार नियूक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ मा नेचाविहिबारे बजारलाई प्रशासनिक भवन प्रयोजनको लागी थप जग्गाको लागि निर्दिष्ट जग्गा आह्वान गर्ने लिखे भवन मापदण्ड निर्देशिकाले तोकेको न्यूनतम मापदण्ड ६ रोपनी जग्गा चाहिएमा अपुग बजारलाई थप जग्गा प्राप्त गर्ई बजार हटाउने निर्णय प्रति मेरो असहमति छ।

कार्यपालिका / बैठक नं. १०, ०८१/५०

नैचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतधारी, सोलुखुम्बु १ नं प्रदेश, नेपाल

मिति २०७९/९/२५ गतेको कार्यपालिका बैठक निर्णय

११) नेचासल्यान गाउपालिकाको शिक्षा ऐन, २०७५ (परिमार्जन सहित), तथा नेचासल्यान गाउपालिकाको बिद्यालय अनुगमन, निरीक्षण तथा सत्यापन कार्यविधि, २०७९ बमोजिम नेचासल्यान गाउकार्यपालिकाको मिति २०७९/०८/०६ गतेको बैठक अनुसार गठित अनुगमन समितिका सदस्यहरुलाई बिद्यालय अनुगमन तथा निरीक्षण कार्यवापत प्रति दीन रु २०००। का दरले अनुगमन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१२) नेचासल्यान गाउपालिकाको एघारौ गाउ सभाको निर्णयानुसार चालु आर्थिक बर्ष ०७९/०८० मा बिनियोजीत बजेटबाट निम्न योजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक योजनाको नाम | रकम | नया | बिनियोजित रकम | बाँकी |
|---|---|---|---|---|---|
| १. | ११ औ गाउसभा : पूजिगत : भुमेश्वरी आ.वि प्राविधिक शिक्षालय अध्ययन तथा व्यवस्थापन, वडा नं १ | ५००,०००.० | भूमेश्वरी आ.वि. अफिस व्यवस्थापन तथा फर्निचर खरीद | ५०००००.० | |
| २. | ११ औ गाउसभा : पूजिगत : पशुपालन कार्यक्रम : उन्नत - मुर्रा) जातको भैसी वितरण | ५००,०००.० | औषधि खरीद/ उपचार सामाग्रि खरीद | ५००,०००.० | |
| ३. | पूजिगत : फोहोरमैला व्यवस्थापन | | लिफटिङ खानेपानि योजनामा ढुवानी खर्च | ९०,०००.० | |
| ४. | | | बिकासे सिंचाइ कुलो व्यवस्थापन, नेचासल्यान ४ (गत बर्षको दायित्व) | १५०,०००.० | |

१३) नेचासल्यान गाउपालिका वडा नं. ३ (बिहिबारे) मा गाउपालिका प्रशासकिय भवन निर्माणका निम्ति डिपिआर तयारी भै सकेको र भवन निर्माणका निम्ति आवश्यक जग्गा गाउपालिकाको नाममा रहेको मुल जग्गाको आसपास जोडिएका तपसिलमा उल्लेखीत जग्गा सम्बन्धित जग्गाधनीहरुले निशुल्क रुपमा गाउपालिकाको नाममा रजिष्ट्रशन पास गरिदिने भएकाले उक्त जग्गाहरु गाउपालिकाको नाममा रजिष्ट्रशन पास गरी लिनका निम्ति आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना | कि नं. | कुल क्षेत्रफल | आवश्यक जग्गा/रजिष्ट्रशन पास गर्ने जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री होम कुमारी के.शी. | नेचासल्यान ३ | ३७३ | १२९० ब.मि. | ९५ ब.मि. | कित्ताको पश्चिम दक्षिण तर्फबाट |
| २ | श्री मेघराज कटेल | नेचासल्यान ३ | ९८७ | ९२० ब.मि. | १२० ब.मि. | कित्ताको पूर्व तर्फबाट |
| ३ | श्री ज्ञान कुमारी फुयल | नेचासल्यान ३ | ७८१ | ४७० ब.मि. | १३० ब.मि. | कित्ताको पूर्व तर्फबाट |
| ४ | श्री इन्द्र कुमारी शर्मा | नेचासल्यान ३ | ३७१ | ५८५ ब.मि. | ९५ ब.मि. | कित्ताको पश्चिम तर्फबाट |
| ५ | श्री चक्र प्रसाद कटेल | नेचासल्यान ३ | ३२९ | ४२५ ब.मि. | ७० ब.मि. | कित्ताको पूर्व तर्फबाट |

१४) नेचासल्यान गाउपालिका वडा नं. ४ मा संचालित तुइन्टार बिद्युत पावर हाउसमा बिद्युत प्राविधिक पदमा करार सेवामा कार्यारत एनोस राईले आफ्नो राजिखुसिले राजीनामा दिइ रिक्त रहेको पदमा नेचासल्यान ४ निवासि (तुइन्टार लघुजलबिद्युत पावर हाउसका जग्गादाता) श्री हर्कमान राईलाई मासिक रु २५,०००। पारिश्रमिक दिने गरि करार सेवामा गरिएको नियूक्ति/सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

१५) नेचासल्यान गाउपालिकाको आ.व. ०७८/०७९ को स्थानीय तह संस्थागत स्वमूल्यांकन मापन (LISA) बिषयमा छलफल एवं स्विकृत गरि अन्तिम मूल्यांकनका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

१६) नेचासल्यान गाउपालिकाको चालु आ.व.को स्विकृत कार्यक्रम अनुसारको मेलमिलाप आधारभूत तालिम संचालन संचालनको निम्ति कार्यालयमा सूचि दर्ता भएका संस्थाहरु मध्ये कार्यक्रम संचालानार्थ आर्थिक प्रस्ताव पेश गर्ने नेपाल इन्टरनेशनल ए.डि.आर. सेन्टर, काठमाण्डौंको प्रस्ताव स्विकार गरि तालिम संचालनका निम्ति सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।